# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल

**प्रकाशित मिति : २०८०।०९।१८ गते**

---

**श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भी., बिराटनगर मोरंग (श्री भुमि ईन्फ्रास्ट्रक्चर प्रा.लि. विराटनगर, मोरङ्ग, श्री वुद्ध कन्स्ट्रकसन प्रा.लि., काठमाण्डौं, श्री ओम वुद्ध ईन्जिनियरिङ्ग प्रा.लि., भिमेश्वर-७ दोलखा) लाई अन्तिम पटक स्पष्टीकरण पेश गर्ने वारेको ७ (सात) दिने सूचना**

रामधुनी नगरपालिकावाट आह्वान भएको ठेक्का नं. RMY/NCB/BUILDING/07-077/078 (Construction of Primary Hospital (15-Bed) at Ramdhuni Ward-6) को निर्माण कार्य गर्न मिति २०७८।७।१ गते श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भी., बिराटनगर मोरंगसँग रकम रु.१०,४१,००,४१०।८२ पैसा (दश करोड एकचालीस लाख चार सय दश रुपैया बयासी पैसा) (मू.अ.कर र पी.एस. समेत) मा सम्झौता भएको, सो योजना मिति २०८०।०३।१० गतेसम्ममा निर्माण सम्पन्न गरी सक्नु पर्नेमा योजना निर्माण सम्पन्न नगरी अलपत्र पारेकोमा रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. २०९, मिति २०७९।०५।०६, च.नं. २८५, मिति २०७९।०५।२४, च.नं. ३६०, मिति २०७९।०६।११, च.नं. ७१८ मिति २०७९।०८।२३, च.नं.२०६३ मिति २०८०।०२।१७, च.नं. २२२१ मिति २०८०।०३।०६, च.नं.२२५५ मिति २०८०।०३।११, च.नं. ११५ मिति २०८०।०४।२१ गतेको पत्र र राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०८०।०६।१७ गते सूचना प्रकाशन गरी पटक-पटक लिखित एवं मौखिक जानकारी गराउँदा र निर्माण व्यावसायीको प्रतिनिधिसंग वैठक गरी कार्य अगाडि वढाउन प्रयत्न गर्दा समेत निर्माण व्यावसायीको अख्तियारीनामा प्राप्त व्यक्ति सम्पर्कमा नआई निर्माण कार्यको परिमार्जित कार्यतालिका मात्र पेश गर्ने गरेको, कार्यालयलाई वेवास्ता, आलटाल, झुक्यानमा राखी कानूनको अनदेखा गरी सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ एवं ठेक्का संझौताको शर्त विपरीत योजना सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारी सरकारी हानी नोक्सानी गर्ने प्रयत्न गरेको देखिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ एवं ठेक्का सम्झौताको शर्त GCC को Clause No. 72 मा भएको Termination सम्वन्धी व्यवस्था वमोजिम त्यस निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौताको अन्त्य गर्ने तथा प्रचलित कानून वमोजिम कालोसूचीमा लैजाने लगायतका कारवाही किन नगर्ने ? ठेक्का सम्झौताको अन्त्य गर्ने तथा कालोसूचीमा लैजाने लगायतका कारवाही नगर्नु पर्ने कुनै उचित कारण भएमा ७ (सात) दिन भित्र स्पष्टीकरण पेश गर्नु हुन अन्तिम पटक यो सूचाना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

---